जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ९३ पृष्ठः ४ | २०८३ साउन १५ शुक्रबार (Friday 31 July 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहाको गोलबजारमा गोली चल्यो, एकजनाको मृत्यु



**मणिलाल विश्वकर्मा**

लहान, १४ साउन। सिरहाको गोलबजार- ४, क्याम्पस चोकनजिक बिहीबार दिउँसो झडप हुँदा गोली लागेर एक किशोरको मृत्यु भएपछि अवस्था तनावग्रस्त बनेको छ। स्थानीय प्रशासनले दिउँसो २ बजेदेखि लगाएको कर्फ्युकै समयमा क्याम्पस चोकनजिक झडप हुँदा गोली लागेर गम्भीर घाइते भएका औरही गाउँपालिका- २, तुलसीपुरका करिब १७ वर्षीय गणेश यादवको मृत्यु भएको जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालले जानकारी दिए। घटनाको विस्तृत विवरण आउन बाँकी रहेको उनले बताए।

झडपको क्रममा धनुषा घर भएका करिब १९ वर्षीय सुवास ठाकुर घाइते भएका छन्। उनलाई थप उपचारका लागि अन्यत्र रेफर गरिएको स्थानीय प्रहरीले जनाएको छ। कर्फ्यु सुरु हुँदैगर्दा गोली लागेर एकजनाको मृत्यु र अर्का एकजना गम्भीर घाइते भएपछि गोलबजारको अवस्था अहिले तनावग्रस्त बनेको छ। प्रदर्शनकारीहरूले गोलबजार क्षेत्रको एबी मलसहितका पसलमा आगजनी गर्नुका साथै पार्किङ गरी राखिएका मोटरसाइकलसमेत आगजनी गरेपछि ठुलो संख्यामा नेपाली सेना, सशस्त्र प्रहरी, जनपद प्रहरी परिचालन गरिएको छ।

जिल्ला प्रशासन कार्यालयले जिल्लाको पछिल्लो सुरक्षा स्थितिको विश्लेषणको आधारमा आन्दोलन वा हुलदंगा भई शान्तिसुरक्षा भंग हुने देखिएको भन्दै बिहीबार दिउँसो २ बजेदेखि सिराहाको गोलबजार क्षेत्रमा कर्फ्यु आदेश जारी गरेको छ।

**लहानमा पनि अनिश्चितकालीन कर्फ्यु**

जिल्ला प्रशासन कार्यालयले पछिल्लो सुरक्षा स्थितिको विश्लेषणको आधारमा जिल्लाको मुख्य व्यापारिक केन्द्र लहानमा पनि अपराह्न ४ बजेदेखि कर्फ्यु आदेश जारी गरेको छ। पूर्व-पश्चिम

**-बाँकी तीन पेजमा**

## सप्तरीमा आगलागी हुँदा १५ लाखभन्दा बढीको क्षति



**देवराम यादव**

सप्तरी, १४ साउन। सप्तरीको राजविराज नगरपालिका-१२ दमावती गाउँमा आगलागी हुँदा लाखौं रुपियाँ बराबरको धनमाल जलेर नष्ट भएको छ। स्थानीय कैलु मण्डलको घरमा बिहीबार बिहान आगलागी भएको हो। आगलागीबाट एउटा घर र एउटा गोठ पूर्ण रूपमा जलेर नष्ट भएको प्रहरीले जनाएको छ। प्रारम्भिक विवरणअनुसार आगलागीबाट १५ लाखभन्दा बढीको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

आगलागीमा घर, गोठ, चार थान गाई, नगद, गरगहना, खाद्यान्न,

**-बाँकी तीन पेजमा**

## मुख्यमन्त्री यादवको अपिल : 'सामाजिक सद्भाव भड्किने खालका गतिविधि कसैबाट हुनुहुँदैन'



जनकपुरधाम, १४ साउन। मधेस प्रदेशका मुख्यमन्त्री कृष्ण यादवले सुनसरी घटनापछि भइरहेको विरोध प्रदर्शनलाई संयमित बनाउन आग्रह गर्दै सामाजिक सद्भाव कायम राख्न सबै पक्षसँग अपिल गरेका छन्। रातोपाटीसँग कुरा गर्दै मुख्यमन्त्री यादवले संविधानभन्दा माथि कोही पनि नरहेको स्पष्ट पार्दै घटनाका दोषीमाथि कानुनी कारबाही हुने भएकाले संयमता अपनाउन आग्रह गरे।

'यस्ता घटना हुनु देशका लागि दुर्भाग्यपूर्ण हो,' उनले भने, 'अहिले भइरहेको आन्दोलन र विध्वंसका कारण देश-विदेशमा हामीप्रति हेर्ने दृष्टिकोण नकारात्मक बन्दै गएको छ। आन्दोलन गर्न पाइन्छ, तर आन्दोलन शान्तिपूर्ण हुनु सबैका लागि हितकर हुन्छ। त्यसमा सबै सचेत बन्नुपर्छ।'

मुख्यमन्त्री यादवले आन्दोलनका नाममा एक पक्षले अर्को पक्षलाई होच्याउने, सरकारी तथा निजी सम्पत्ति तोडफोड गर्ने, सवारीसाधनमा आगजनी गर्ने जस्ता गतिविधिबाट टाढा रहन आग्रह गरे। उनले सर्वदलीय बैठकबाट घटनाको संवेदनशीलतालाई ध्यानमा राख्दै सबै पक्षलाई संयमता अपनाउन आग्रह गरिएको जानकारी दिए। 'आज साँझ ५ बजे मन्त्रिपरिषद्को बैठक बस्दैछ। त्यसबाट पनि केही निर्णय आउन सक्छ,' उनले भने।

आन्दोलन हिंसात्मक बन्दै गएपछि कर्फ्यु लगाउनुपरेको, विद्यालय बन्द भएका तथा अस्पतालमा रहेका बिरामी र

**-बाँकी तीन पेजमा**




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सम्पादकीय

# निःशुल्क सेवामा अवैध असुली

सिरहाको दक्षिणी सीमावर्ती औरही गाउँपालिका–२ तुलसीपुर वडा कार्यालयमा सामाजिक सुरक्षा भत्ता सम्बन्धी परिचयपत्र नवीकरणका नाममा सेवाग्राहीबाट रकम असुली भएको घटनाले स्थानीय तहको सेवा प्रवाहमाथि गम्भीर प्रश्न उठाएको छ। सरकारले पूर्ण रूपमा निःशुल्क उपलब्ध गराउने सेवामा बिचौलियामार्फत खुला रूपमा शुल्क उठाइनु प्रशासनिक लापरवाही मात्र होइन, सुशासन र सार्वजनिक नैतिकतामाथिको ठाडो चुनौती पनि हो।

सामाजिक सुरक्षा भत्ता आर्थिक रूपमा कमजोर तथा राज्यको संरक्षण आवश्यक पर्ने नागरिकका लागि सञ्चालन गरिएको महत्वपूर्ण कार्यक्रम हो। ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, एकल महिला तथा पाँच वर्षमुनिका बालबालिकाको पोषण सुनिश्चित गर्न सरकारले परिचयपत्र नवीकरणको व्यवस्था निःशुल्क गरेको छ। तर औरही गाउँपालिका–२ मा भने यही व्यवस्थालाई बेवास्ता गर्दै सेवाग्राहीबाट जनही एक सय रुपैयाँ उठाइएको भेटिनु दुःखद र चिन्ताजनक विषय हो।

बुधबार सञ्चारकर्मीहरूको टोली वडा कार्यालय पुग्दा स्थानीय रामबाबु यादवले वडा कार्यालय परिसरमै टेबुल–कुर्सी राखेर सेवाग्राहीबाट रकम उठाइरहेको दृश्यले घटना कुनै गोप्य वा आकस्मिक नभई नियमित अभ्यासकै रूपमा भइरहेको संकेत गर्छ। अझ वडाध्यक्ष र वडा सचिवको कार्यकक्षअगाडिको बरन्डामै यस्तो गतिविधि सञ्चालन हुनु सम्बन्धित जनप्रतिनिधि र कर्मचारीको जानकारीबाहिर भएको विश्वास गर्न कठिन छ।

रकम किन लिइएको भन्ने प्रश्नमा बिचौलियाले नवीकरण फाराम ल्याइदिने र भरिदिने काम गरेबापत् रकम लिएको दाबी गरेका छन्। तर सरकारले निःशुल्क उपलब्ध गराउने सेवामा कुनै पनि व्यक्तिले अनधिकृत रूपमा शुल्क लिन पाउने कानुनी व्यवस्था छैन। यदि सेवाग्राहीलाई सहजीकरण आवश्यक थियो भने वडा कार्यालयले आ नै कर्मचारीमार्फत वा स्वयंसेवक परिचालन गरेर निःशुल्क सेवा उपलब्ध गराउनुपर्ने दायित्व थियो। सार्वजनिक सेवालाई व्यक्तिगत आम्दानीको माध्यम बनाउनु कुनै पनि दृष्टिले स्वीकार्य हुन सक्दैन।

सेवाग्राहीहरूको अनुभवले समस्या अझ स्पष्ट बनाउँछ। करिब ६५ वर्षीया कारीवती यादवले आफू र श्रीमानको परिचयपत्र नवीकरणका लागि दुई सय रुपैयाँ तिर्न बाध्य भएको बताएकी छन्। वडा सचिवले समय नभएको भन्दै फर्काएपछि कार्यालयमै बसेका अनधिकृत व्यक्तिलाई रकम बुझाएर मात्र काम सम्पन्न गर्नुपरेको उनको भनाइ छ। त्यस्तै बाल पोषण आहार भत्ताको परिचयपत्र नवीकरण गराउन पुगेकी अनितादेवी यादवले पनि एक सय रुपैयाँ तिरेपछि मात्र फाराम भराउन पाएको बताएकी छन्। यस्ता गुनासाले सेवाग्राहीहरू बाध्यतावश अवैध शुल्क तिर्न विवश भएको स्पष्ट हुन्छ।

स्थानीयका अनुसार यस्तो असुली साउनको पहिलो सातादेखि निरन्तर भइरहेको थियो। संकलित रकमको केही हिस्सा वडा नेतृत्वसम्म पुग्ने आरोपसमेत स्थानीयले लगाएका छन्। यद्यपि यसको पुष्टि सम्बन्धित निकायको अनुसन्धानबाट मात्र हुन सक्छ तर यस्ता आरोप उठिसकेपछि निष्पक्ष छानबिन अपरिहार्य हुन्छ।

वडा सचिव विनोद मुखियाले सामाजिक सुरक्षा परिचयपत्र नवीकरणमा कुनै शुल्क लिन नहुने भन्दै पटक–पटक सचेत गराएको र वडाध्यक्षलाई समेत रोक्न आग्रह गरेको दाबी गरेका छन्। यदि उनको भनाइ सत्य हो भने यस्तो गतिविधि रोक्न थप पहल किन भएन भन्ने प्रश्न पनि उठ्छ। सरकारी कर्मचारीले अनियमितता थाहा पाएपछि मौखिक चेतावनीमा मात्र सीमित नभई लिखित जानकारी र माथिल्लो निकायमा प्रतिवेदन पठाउनु पर्ने जिम्मेवारी हुन्छ।

उता वडाध्यक्ष रामअयोधी यादवले कर्मचारी अभावका कारण स्थानीय व्यक्तिले सहजीकरण गरेको हुन सक्ने बताएका छन्। रकम उठाइएको विषयमा आफूलाई जानकारी नभएको उनको दाबी छ। तर वडा कार्यालयभित्रै खुलेआम भइरहेको गतिविधिबारे जनप्रतिनिधिलाई जानकारी नभएको भनाइले जिम्मेवारीबाट पन्छिन खोजेको आभास दिन्छ। कर्मचारी अभाव कुनै पनि हालतमा अनधिकृत शुल्क असुलीको आधार बन्न सक्दैन।

स्थानीय तह नागरिकको सबैभन्दा नजिकको सरकार हो। त्यही सरकारको कार्यालयबाट निःशुल्क सेवामा समेत शुल्क उठाउन थालिए नागरिकको राज्यप्रतिको विश्वास कमजोर हुन्छ। त्यसैले यस घटनाको निष्पक्ष छानबिन गरी दोषी जोसुकै भए पनि कानुनी कारबाही गरिनुपर्छ। साथै सामाजिक सुरक्षा भत्ताजस्ता संवेदनशील कार्यक्रमलाई बिचौलियामुक्त, पारदर्शी र पूर्ण रूपमा निःशुल्क बनाउन स्थानीय सरकार, जिल्ला प्रशासन र सम्बन्धित निकायले प्रभावकारी अनुगमन र जवाफदेहिता सुनिश्चित गर्नु आजको आवश्यकता हो।

# राजनीति र व्यवसाय : परिपूरक सम्बन्ध

### व्यक्तिगत स्वार्थको लोभमा अवाञ्छित क्रियाकलापमा लहसिँदै शक्तिकेन्द्रमा लाइन लाग्ने व्यवसायीको आँखा चाँडै खुलोस्



भानुप्रसाद आचार्य

राजनीतिक, सामाजिक र आर्थिक क्षेत्र एकआपसमा गाँसिएका सम्बन्ध सूत्र हुन्। यी क्षेत्रबीचको सन्तुलित तालमेलले राष्ट्रको उत्थानमा महत्त्वपूर्ण भूमिका खेल्छ। पेसा, व्यवसाय र सरकारबीचको सम्बन्ध उद्देश्य, कार्यक्षेत्र, जवाफदेही, निर्णय प्रक्रिया, अनुशासन र विधि विधानले निर्धारण गर्छन्। दुवै पक्ष आआफ्नो सीमाभित्र रहन नसक्दा सम्बन्धमा जटिलता उत्पन्न हुन्छ। नागरिकप्रतिको जवाफदेही र राज्यशक्तिका कारण सरकारको भूमिका व्यवसायीको भन्दा बढी महत्त्वपूर्ण हुनु स्वाभाविक हो।

नागरिक सुरक्षा, सार्वभौमिकताको रक्षा, शान्ति सुव्यवस्था तथा नागरिकको सम्पत्तिको अधिकारको संरक्षणका लागि राज्यसंयन्त्रको सञ्चालन लोकतान्त्रिक सरकारको प्रमुख दायित्व हो। जनताप्रति उत्तरदायी सरकारको उद्देश्य सार्वजनिक हितको सेवा गर्नु हो नाफा कमाउनु होइन। विश्वव्यापीकरण, प्रविधिको तीव्र विकास, सामाजिक चेतनाको विस्तार तथा राज्यका नीति नियममा आएका परिवर्तनसँगै राजनीति र व्यवसायबीचको सम्बन्ध झन् नजिकिएको छ। व्यापार युद्ध, एसिया र अफ्रिकाका कम विकसित मुलुकमा निरन्तर राजनीतिक अस्थिरता, साना राष्ट्रहरूको अस्तित्वको चुनौती तथा प्रविधिको तीव्र विकासले पनि यस सम्बन्धमा थप प्रभाव पारेका छन्।

इतिहासले देखाउँछ सत्ताशक्तिका कारण राजनीति सधैँ अग्रस्थानमा रहँदै आएको छ। राजनीतिले स्रोत साधन, पुँजी, प्रविधि र श्रमबीच समन्वयकारी भूमिका खेल्दा व्यावसायिक क्षेत्रले राष्ट्र निर्माण र समृद्धिमा उल्लेखनीय योगदान पुऱ्याएको छ। तर राजनीति आफैँ व्यवसायमा गहिरोसँग मिसिँदा त्यसका नकारात्मक परिणाम पनि देखिएका छन्। 'इस्ट इन्डिया कम्पनी'को अनुभवले राजनीतिक शक्ति र व्यावसायिक स्वार्थको असन्तुलित सम्बन्ध अन्ततः राज्यका लागि घातक हुनसक्ने पाठ सिकाएको छ। त्यसैले लोकतान्त्रिक व्यवस्थामा राजनीति र व्यवसायबीच स्पष्ट सीमा आवश्यक हुन्छ।

यतिखेर व्यवसायीहरूको ध्यान परम्परागत उत्पादन र सेवा प्रवाहभन्दा डिजिटल प्लेटफर्म, भूरणनीतिक महत्त्वका वस्तु तथा सेवा, मानवीय संवेदनशीलतासँग जोडिएका क्षेत्र र आर्थिक राजनीतिक प्रभाव विस्तार गर्ने क्षेत्रमा केन्द्रित हुँदै गएको छ। यसले राजनीति र व्यवसायबीचको सम्बन्धलाई अझ जटिल बनाएको छ। विशेषतः विकासशील लोकतान्त्रिक मुलुकमा यसले नागरिकको लोकतान्त्रिक मूल्य मान्यताप्रतिको विश्वास र मनोविज्ञानमा प्रभाव पार्न थालेको छ। डिजिटल प्रविधिको विस्तारसँगै नागरिकको वैयक्तिक गोपनीयताको अधिकार र राज्यको संरक्षणकारी भूमिकाबीच नयाँ प्रकारका चुनौती देखिएका छन्। डिजिटल आधिपत्यजस्ता विषयलाई राजनीतिक दृष्टिकोणबाट अझ गम्भीररूपमा अध्ययन र विश्लेषण गर्नु आवश्यक छ।

**राजनीतिको भूमिका**

राजनीति र व्यवसायबीचको सम्बन्धलाई विधि विधानले स्पष्टरूपमा परिभाषित गर्नुपर्छ। दुवैले एकअर्काको कार्यक्षेत्र नमिची आफ्नै सीमाभित्र रहेर काम गरेमा राजनीति, व्यवसाय र समाज तीनै पक्षलाई लाभ पुग्छ। आर्थिक समृद्धिको आधार पनि यही हो। पूर्ण पृथकीकरण तत्काल सम्भव नभएका अवस्थामा समेत दुवै पक्षले कानुनको परिधिभित्र रहेर सन्तुलित ढङ्गले आफ्ना गतिविधि सञ्चालन गर्नुपर्छ।

राजनीति र व्यवसाय दुवैले जवाफदेही, पारदर्शिता र विधिको शासनलाई आधार बनाएर सहकार्य गरे आर्थिक समृद्धिमा सकारात्मक योगदान पुग्न सक्छ। व्यापार व्यवसायमा सरकार आफैँ संलग्न हुँदा नागरिकलाई ग्राहकका रूपमा क्रयशक्तिका आधारमा गरिने व्यवहारले राज्यका तर्फबाट भेदभावको अनुभूति गराउन सक्छ। यस्तो अवस्था लोकतान्त्रिक शासन व्यवस्थासँग मेल खाँदैन। यसले विशेषगरी न्यून आय भएका वर्गमा 'धनी वर्गको सरकार' भन्ने धारणा विकास गराई लोकतन्त्रप्रतिको विश्वास कमजोर बनाउन सक्छ।

शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण र पूर्वाधार विकासजस्ता क्षेत्रमा नाफालाई प्रमुख उद्देश्य नबनाई सरकार सक्रिय हुनुपर्छ। त्यसैगरी अल्पसंख्यक, न्यून आय भएका समुदाय र अविकसित क्षेत्रको विकासमा सरकारको विशेष भूमिका रहनुपर्छ। विगतको अनुभवले सरकारले प्रत्यक्षरूपमा उद्योग–व्यवसाय सञ्चालन गर्दा राज्यको स्रोतको दुरुपयोग, भ्रष्टाचार र संस्थागत अक्षमता बढेको देखाएको छ। यस्तो अनुभवलाई बेवास्ता गर्दै केही उद्योग व्यवसाय पुनः सरकार आफैँले सञ्चालन गर्ने निर्णय गर्नु उपयुक्त देखिँदैन। एकाधिकार प्राप्त क्षेत्रमा समेत अपेक्षित सफलता हासिल गर्न नसकेको सरकारले प्रतिस्पर्धात्मक क्षेत्रमा राज्यको लगानी बढाउनुलाई स्रोत साधनको विवेकपूर्ण उपयोग मान्न सकिँदैन।

सरकारका नीति तथा कानुनले व्यवसायको सञ्चालन, विस्तार, मुनाफा, लगानी र बहिर्गमनमा प्रत्यक्ष प्रभाव पार्छन्। व्यापार, कर, श्रम, पुँजी, वित्त र लगानीसम्बन्धी नीतिमा हुने आकस्मिक परिवर्तनले व्यवसायमा अनिश्चितता सिर्जना गर्छ। यही कारण व्यवसायले आफ्नो व्यवस्थापकीय दक्षताभन्दा पनि नीतिगत अस्थिरताबाट सुरक्षित रहन राजनीतिक वातावरणको सहारा खोज्ने गर्छ। विधिसम्मत रूपमा राजनीतिक संवाद र सहकार्य गर्नु स्वाभाविक हो। तर कानुनले निषेध गरेका माध्यम वा अवाञ्छित गतिविधिको सहारा लिनु दुष्प्रयास हो।

राजनीतिक दलको चुनावी अभियानमा हुने अपारदर्शी खर्च, नियामक निकायमाथिको अनुचित हस्तक्षेप तथा सीमित समूहको हितमा ऐननियम निर्माण गरिने प्रवृत्तिले सरकारको इमानदारीमाथि प्रश्न उठाउँछ। विगतमा जस्तै वर्तमान सरकारका केही कर नीति, नागरिकप्रतिको व्यवहार र निश्चित व्यावसायिक प्रतिष्ठानप्रतिको झुकावबारे पनि यस्ता प्रश्न उठेका छन्। हालै प्रधानमन्त्रीले उद्योगी व्यवसायीका प्रतिनिधि सङ्गठन, वस्तुगत संघसंस्था तथा वित्तीय क्षेत्रका प्रतिनिधिसँग प्रत्यक्ष संवाद गरी राजनीति र व्यवसायबीचको दूरी घटाउने तथा विश्वासको वातावरण निर्माण गर्ने प्रयास गरेका छन्। यो प्रयासलाई सकारात्मकरूपमा लिनुपर्छ।

तर छलफलबाट पहिचान भएका समस्याको समाधानका लागि कार्यान्वयनको मुख्य जिम्मेवारी बोकेका मन्त्रीहरूलाई सहभागी नगराई सल्लाहकार समूहमा मात्र निर्भर रहँदा यस्ता संवाद परिणाममुखी हुनेमा शङ्का रहन्छ। राजनीति र व्यवसायबीचका सम्बन्ध, त्यसका सकारात्मक–नकारात्मक पक्ष तथा जायजनाजायज मागको निर्क्योल गर्ने प्रमुख जिम्मेवारी सम्बन्धित मन्त्रालय र नियामक निकायकै हो भन्ने तथ्यलाई पर्याप्त महत्त्व दिइएको देखिँदैन।

सार्वजनिक नीति र निजी व्यवसायका उद्देश्य फरक हुन्छन्। दुवैले आफ्ना उद्देश्यअनुसार समानान्तर रूपमा अघि बढ्नुपर्ने हो। तर पछिल्ला वर्षहरूमा यी दुईबीचको दूरी क्रमशः साँघुरिँदै गएको छ। विगतमा व्यापार तथा लगानी सम्झौता, प्रतिस्पर्धा निरोधक कानुनी व्यवस्था र खुलापनको सीमित उपयोगका सन्दर्भमा उठेका प्रश्नले पनि राजनीति र व्यवसाय दुवैको आचरणमाथि बहस जन्माएका थिए। विधिसम्मत र पारदर्शी सम्बन्धले आर्थिक समृद्धिमा टेवा पुऱ्याउँछ। तर अपारदर्शी, व्यक्तिगत स्वार्थ र आसेपासेकेन्द्रित प्रवृत्तिले आर्थिक अपराध, आय असमानता र सामाजिक द्वन्द्वलाई बढावा दिन्छ।

**व्यवसायीको भूमिका**

बजार अर्थतन्त्रमा व्यवसायीको सफलता प्रतिस्पर्धा, कार्यदक्षता, नवीनता तथा गुणस्तरीय वस्तु र सेवामा निर्भर हुन्छ। व्यवसायी कानुन, लगानीकर्ता, ग्राहक र आफ्ना कर्मचारीप्रति समानरूपमा जवाफदेही हुनुपर्छ। राजनीति र व्यवसायबीचको सम्बन्ध एकतर्फी हुँदैन। राजनीतिले नीति, नियम र कानुनमार्फत व्यवसायलाई प्रभावित पार्छ भने व्यवसायले निर्वाचनमा चन्दा, दबाब समूह र व्यावसायिक संघसंस्थामार्फत नीति निर्माण प्रक्रियामा प्रभाव पार्ने प्रयास गर्छ। स्वार्थ नबाझिने विषयमा सरोकारवालाको राय र सुझाव सुन्नु स्वस्थ लोकतान्त्रिक अभ्यास हो र यसले गुणस्तरीय नीति निर्माणमा सहयोग पुऱ्याउँछ।

तर अनुचित कारोबार, बन्द कोठाभित्र हुने सहमति, व्यक्तिगत स्वार्थसिद्धि र स्वार्थ बाझिने गतिविधिले राजनीति र व्यवसाय दुवैलाई विकृत बनाउँछ। त्यसैले यस्तो अभ्यासबाट व्यवसायीहरू टाढा रहनुपर्छ। राजनीति र व्यवसायबीच सम्बन्ध रहनु स्वाभाविक भए पनि त्यसको आधार विधि, पारदर्शिता र जवाफदेही नै हुनुपर्छ। विश्व तथा नेपालका पनि ठूला व्यावसायिक घरानाको उतारचढावले एउटा स्पष्ट पाठ सिकाएको छ – अनुचित क्रियाकलापको जगमा राजनीतिसँग विस्तार भएको सम्बन्ध दीर्घकालीन हुँदैन। सत्ता परिवर्तनसँगै त्यस्ता व्यावसायिक साम्राज्यहरू धराशायी भएका उदाहरण प्रशस्तै छन्।

व्यवसायले विधिको परिधिभित्र रही राजनीति र नियामक निकायसँग सम्बन्ध राख्नुपर्छ। विधि र नैतिकताबाट विचलित भए व्यवसायी कानुनको कठघरामा उभिनुपर्ने मात्र होइन, कमाएको प्रतिष्ठा र सम्पत्तिसमेत गुमाउन सक्छ। बजार प्रतिस्पर्धा, नवीन प्रविधिको आत्मसात् गर्न नसक्नु, व्यवस्थापकीय कमजोरी, आकस्मिक विपद् तथा भूराजनीतिक परिवर्तनजस्ता कारणले व्यवसायमा चुनौती आउन सक्छ। मुनाफासँगै आउने जोखिम व्यवस्थापनका लागि व्यवसायीले विधिसम्मत र दूरदर्शी उपाय अवलम्बन गर्नुपर्छ।

व्यक्तिगत स्वार्थको लोभमा अवाञ्छित गतिविधिमा संलग्न हुँदै शक्तिकेन्द्र धाउने व्यवसायीहरूले समयमै पाठ सिक्नुपर्छ। यस्ता गतिविधिले दीर्घकालमा व्यवसायको हित गर्दैनन्। बरु विगतमा जस्तै आसेपासे प्रवृत्तिलाई बल पुऱ्याई संस्थागत क्षमता र व्यावसायिक विश्वसनीयता दुवै कमजोर बनाउँछन्। राजनीतिमा 'पपुलिज्म'का लागि केही स्थान हुन सक्छ तर व्यवसायमा हुँदैन। क्षणिक लोकप्रियताका लागि गरिएका निर्णय व्यवसायले लामो समय धान्न सक्दैन।

व्यवसाय सञ्चालनमा उतारचढाव र जोखिम स्वाभाविक हुन्। नीति नियमका कारण उत्पन्न भएका समस्याको समाधान खोज्न व्यावसायिक संघ संस्थामार्फत

–बाँकी तीन पेजमा

## राजनीति र...

औपचारिकरूपमा सरकारसमक्ष पुग्नुपर्छ। त्यसरी उठाइएका उचित समस्याको सम्बोधन गर्नु सरकारको पनि दायित्व हो। स्वार्थ बाझिने विषयमा राजनीति र व्यवसायबीच हुने मिलेमतो दुवै पक्षका लागि अन्ततः हानिकारक हुन्छ। कानुनले यस्ता गतिविधिलाई स्वीकार गर्दैन। यद्यपि यस्ता सम्बन्ध छुट्याउन सधैं सहज नहुन सक्छ। त्यसैले कानुनी दायरासँगै नैतिकता, इमानदारी र सार्वजनिक आचरणलाई पनि उत्तिकै महत्त्व दिनुपर्छ।

व्यवसायको अनुचित प्रभावका कारण सार्वजनिक हित ओझेलमा पारेर सरकारले सीमित व्यावसायिक फाइदाका लागि निर्णय गर्न थाले जनताको विश्वास सरकार र व्यवसायी दुवैमाथिबाट घट्छ। यसले 'व्यवसायीले आफ्नै स्वार्थमात्र हेर्छन्' भन्ने जनधारणालाई थप बल पुर्‍याउँछ। नियामक निकाय स्वतन्त्र, निष्पक्ष र सक्षम हुनुपर्छ। तिनको तजबिजी अधिकार निजी स्वार्थका लागि प्रयोग हुने अवस्था सिर्जना हुनु हुँदैन। नियामक निकाय र स्वायत्त संवैधानिक संस्थामाथि व्यावसायिक प्रभाव वा राजनीतिक दबाबका कारण सार्वजनिक हितभन्दा निजी स्वार्थ माथि भएका उदाहरण देखिएका छन्। यस्तो प्रवृत्ति सुशासन, लोकतान्त्रिक मूल्य र संस्थागत मर्यादासँग मेल खाँदैन।

राजनीतिले प्रचलित कानुनअनुसार बजार व्यवस्थालाई स्वतन्त्र रूपमा काम गर्न दिनुपर्छ। अनावश्यक हस्तक्षेप वा सरकार अथवा कुनै एउटा उद्योग व्यवसायको एकाधिकारले उपभोक्ता, कामदार, सरकारी राजस्व र उद्योगको आधुनिकीकरणमा नकारात्मक असर पार्छ। यसले भ्रष्टाचार बढाउने, स्रोतको प्रभावकारी उपयोगमा बाधा पुर्‍याउने, आय असमानता गहिरो बनाउने तथा सामाजिक स्थायित्व र समृद्धिलाई कमजोर बनाउने जोखिम बढाउँछ।

**सुझाव**

माथिका सन्दर्भलाई दृष्टिगत गरी सरकार र निजी क्षेत्रबीचको सम्बन्ध निम्न आधारमा अघि बढ्नु उपयुक्त हुनेछ–

- सार्वजनिक हितलाई सरकारको पहिलो प्राथमिकता बनाउने।
- प्रचलित कानुनअनुसार बजार व्यवस्थालाई स्वतन्त्र रूपमा सञ्चालन हुन दिने।
- उद्योगव्यापार सञ्चालनमा सरकारको प्रत्यक्ष संलग्नता सीमित गरी आफ्नो मूल संवैधानिक दायित्वमा केन्द्रित हुने।
- राजनीति र व्यवसायको अन्तरनिर्भरता स्वीकार गर्दै दुवैको कार्यक्षेत्र स्पष्टरूपमा निर्धारण गर्ने।
- नियामक संस्थालाई स्वायत्त, निष्पक्ष र सुदृढ बनाउने तथा तजबिजी अधिकारको दुरुपयोग हुन नदिने।
- राजनीतिक चन्दा र दानलाई पूर्ण पारदर्शी बनाउने। कर्पोरेट सामाजिक उत्तरदायित्व (सीएसआर) को प्रभावकारिताबारे अध्ययन गरी त्यसको सदुपयोग सुनिश्चित गर्ने।
- सार्वजनिक खरिद प्रणालीलाई थप पारदर्शी, स्पष्ट र उत्तरदायी बनाउने।
- सरकार र व्यवसायबीचको सम्बन्ध पारदर्शिता, जवाफदेहिता र सुशासनमा आधारित बनाउँदै मिलेमतोको सम्भावना न्यून गर्ने।
- सूचना प्रविधि क्षेत्रका ठूला व्यावसायिक समूहले लोकतान्त्रिक समाजमा पारेको प्रभावबारे अध्ययन गरी आवश्यक नीतिगत सुधार गर्ने।
- विधिसम्मत आचरण, पारदर्शिता र जवाफदेहितालाई राजनीति र व्यवसाय दुवैको साझा आधार बनाउने।

(पूर्वमहालेखा परीक्षक) बाह्रखरीबाट

## सिरहाको गोलबजारमा ...

लोकमार्गको पूर्वतर्फ लहान बलान खोलासम्म, पश्चिमतर्फ सरस्वती खोला (बाटिका होटेलदेखि पश्चिम)सम्म, दक्षिणतर्फ पूर्व–पश्चिम लोकमार्गको पाँच सय मिटर क्षेत्रसम्मको वरिपरिको क्षेत्रमा लागू हुने गरी अपराह्न ४ बजेदेखि अर्को आदेश जारी नभएसम्मका लागि कर्फ्यु जारी गरिएको हो।

कर्फ्यु आदेश जारी भएको क्षेत्रमा कोही कसैले आवतजावत गर्न, भेला तथा प्रदर्शन, सभा, बैठक, घेराउ, नाराबाजी नगर्न/नगराउन, कर्फ्यु आदेशको बर्खिलाप हुने गरी कुनै गतिविधि भए/गरेमा, आदेश नमानेमा सुरक्षाकर्मीले चेतावनीसहित गोलीसमेत चलाउन सक्ने सूचनामा उल्लेख छ।

**धनुषामा कर्फ्यु, आवत–जावतमा रोक**

जिल्ला प्रशासन कार्यालय धनुषाले सुरक्षा अवस्थालाई मध्यनजर गर्दै जनकपुरधाम तथा आसपासका क्षेत्रमा अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको छ। जनकपुरधाममा बिहीबार बिहानैदेखि प्रदर्शनकारी सक्रिय भएपछि जिल्ला प्रशासन कार्यालय धनुषाले सोही दिन दिउँसो ३:३० बजेदेखि लागू हुने गरी अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको हो। प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेलद्वारा जारी सूचना अनुसार जिल्ला सुरक्षा समितिको साउन १४ गते बसेको बैठकको निर्णयका आधारमा दिउँसोदेखि अर्को आदेश जारी नभएसम्मका लागि कर्फ्यु लागू गरिएको हो।

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) बमोजिम जारी आदेश अनुसार तोकिएको क्षेत्रभित्र कसैले पनि आवतजावत गर्न, भेला हुन, जुलुस निकाल्न, प्रदर्शन, सभा तथा घेराउ गर्न पाउने छैनन्। प्रशासनले आदेशको उल्लंघन गर्ने व्यक्तिमाथि प्रचलित कानुन अनुसार कडा कारबाही गरिने चेतावनीसमेत दिएको छ।

कर्फ्यु आदेश लागू गरिएका क्षेत्रमा उत्तरतर्फ लक्ष्मीनिया हाटबजार चोक हुँदै सिनुरजोडा चोकसम्म, पूर्वतर्फ बेलौनी रोडस्थित एम.क्यु. स्टिल क्षेत्रदेखि राष्ट्रिय प्राथमिक विद्यालयसम्म, दक्षिणतर्फ नगराइन नगरपालिकाको नगराइन चोकसम्म तथा पश्चिमतर्फ सिनुरजोडा, सोहनी, मणिमण्डप, नेपाल नर्सरी, इस्कोन जनकपुर, दुधमती पुल, बेला र कादरी मस्जिद आसपासका क्षेत्र समेटिएका छन्।

प्रशासनले सर्वसाधारण नागरिकलाई कर्फ्यु आदेशको पूर्ण पालना गर्न तथा जिल्लाको शान्ति–सुरक्षा कायम राख्न आवश्यक सहयोग पुर्‍याउन आग्रहसमेत गरेको छ।

## सप्तरीमा आगलागी...

लत्ताकपडा, फर्निचर तथा भाँडाकुँडा जलेर नष्ट भएको प्रहरीले जनाएको छ। आगलागीमा परी दुई वटा गोरु घाइते भएको पीडित मण्डलले बताउनुभयो। लामखुट्टे धपाउन बालेको घुरबाट आगो सल्किएर आगलागी भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको छ।

राति करिब २ बजे लागेको आगो अस्थायी प्रहरी बिट तेतरी गाछी र स्थानीयवासीको सहयोगमा दुई घण्टापछि नियन्त्रणमा आएको स्थानीय रामेश्वर यादवले जानकारी दिनुभयो।

## मुख्यमन्त्री यादवको ...

उनीहरूका आफन्तसमेत प्रभावित भएको उल्लेख गर्दै उनले यसतर्फ सबैले गम्भीर हुनुपर्ने बताए। मुख्यमन्त्री यादवले सामाजिक सञ्जालमार्फत अतिरञ्जित र भ्रामक सूचना फैलाउने प्रवृत्तिले अवस्था झन् जटिल बनाएको उल्लेख गर्दै त्यसतर्फ पनि सबैको ध्यान जानुपर्नेमा जोड दिए। 'सामाजिक सद्भाव भड्किने खालका कुनै पनि गतिविधि कसैबाट हुनुहुँदैन,' उनले भने।

# आकस्मिक सेवा सुचारु, चिकित्सक कुटपिट आरोपमा पक्राउ



पर्सा, १४ साउन। चिकित्सकलाई कुटपिट गरेको आरोपमा वीरगन्ज महानगरपालिका–२५ का वडाध्यक्ष आशुतोष चतुर्वेदीसहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ। वीरगन्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा हृदयाघातका कारण शनिबार उपचारका क्रममा मृत्यु भएका राजकुमार पटेलको उपचारमा संलग्न रहेको आकस्मिक कक्षका चिकित्सकमाथि कुटपिट गरेको आरोपमा उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

पक्राउ पर्नेमा वडाध्यक्ष चतुर्वेदीसहित वीरगन्ज रामगढवा निवासी अङ्कित पटेल र वीरगन्ज महानगरपालिका–२६ का शैलेश पटेल रहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक एवं सूचना अधिकारी चक्रबहादुर मल्लले जानकारी दिनुभयो। चिकित्सकमाथि भएको कुटपिटको घटनालाई लिएर नेपाल चिकित्सक संघले देशभरि सुरु गरेको आन्दोलन फिर्ता लिएको छ। नारायणी अस्पतालको बुधबार आकस्मिक सेवा सुचारु भएको नारायणी उपक्षेत्रीय अस्पतालका प्रमुख डा. चितरञ्जन साहले बताउनुभयो। ७१ जनाले दिएको सामूहिक राजीनामा पनि फिर्ता भएको उहाँले जानकारी दिनुभयो।

नेपाल चिकित्सक संघ नारायणी शाखाका अध्यक्ष डाक्टर मनोज गुप्ताले नेपाल चिकित्सक संघको आह्वानमा देशभरिका अस्पतालमा आकस्मिक सेवाबाहेक अन्य सेवा बन्द गर्ने निर्णय भएकाले नारायणी अस्पतालमा पनि आकस्मिक सेवा सुचारु गर्न चिकित्सकसँग छलफल भएको र आकस्मिक सेवा सुचारु गर्ने सहमति भएको बताउनुभयो। जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले घटनामा संलग्न देखिएका तीन जनालाई जिल्ला प्रहरी कार्यालय पर्साले नियन्त्रणमा लिएर थप अनुसन्धान अगाडि बढाएकाले चिकित्सकले काममा फर्किने बताउनुभयो।

# गाँजासहित चालक पक्राउ



**रवीन्द्र उप्रेती**

बर्दीबास, १४ साउन। प्रहरीले बर्दिबासतर्फ आउँदैगरेको एक मिनीट्रकबाट ठुलो परिमाणमा गाँजासहित चालकलाई पक्राउ गरेको छ इलाका प्रहरी कार्यालय बर्दिबास र लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय बर्दिबासबाट ट्राफिक प्रहरीसहित खटिएको संयुक्त चेकिङ टोलीले विशेष सूचनाको आधारमा बर्दिबास नगरपालिका–३, गौरीडाँडास्थित अस्थायी ट्राफिक प्रहरीपोस्ट अगाडि हिजो अपरान्ह साढे ४ बजेतिर सघन चेकजाँच गरेको थियो।

चेकजाँचको क्रममा सिन्धुलीबाट बर्दिबासतर्फ आउँदैगरेको बा ४ ख ५६९२ नम्बरको मिनीट्रकको छतमा नक्कली तह (फल्स बटम) बनाएर लुकाइछिपाई प्लास्टिकमा प्याक गरिएको ६० प्याकेट गाँजा फेला परेको प्रहरीले जनाएको छ। बरामद गाँजालाई मान्यता प्राप्त तराजुबाट तौल गर्दा ४५४ किलोग्राम रहेको इलाका प्रहरी बर्दिबासका डिएसपी गुरुप्रसाद तिमिल्सिनाले बताउनुभयो।

घटनामा संलग्न आरोपमा प्रहरीले ललितपुरको गोदावरी नगरपालिका–२, त्रिवेणीका २७ वर्षीय मिनीट्रक चालक विश्व तामाङलाई नियन्त्रणमा लिएको जनाएको छ। बरामद गाँजा कहाँबाट ल्याएर कहाँ लान खोजिएको हो स्पष्ट हुन सकेको छैन। यसबारेमा कानुनी प्रक्रियासहित सघन अनुसन्धान सुरु गरेको बर्दिबास प्रहरीले जनाएको छ।

# तनाव बढेपछि जनकपुरका शैक्षिक संस्था बन्द घोषणा

जनकपुरधाम, १४ साउन। तनाव बढेपछि जनकपुरधामसहित धनुषा जिल्लाका सम्पूर्ण शैक्षिक संस्था शुक्रबार बन्द घोषणा गरिएको छ। यहाँका निजी शैक्षिक संस्थाका छाता संगठनहरूले शुक्रबार एक दिन विद्यालय तथा क्याम्पस बन्द गर्ने निर्णय गरेका छन्। नेशनल प्याब्सन, प्याब्सन, एन–प्याब्सन र हिसान धनुषाले संयुक्त रूपमा बिहीबार जारी गरेको विज्ञप्तिमा घटनामा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गरिएको छ।

साथै घाइते नागरिक तथा सुरक्षाकर्मीहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न सरकारसँग माग गरिएको छ।

विगत केही दिनदेखि विभिन्न स्थानमा सामाजिक सद्भाव खलबल्याउने गतिविधि भइरहेका तथा विभिन्न संघ–संगठनले बजार बन्दको आह्वान गरेकाले विद्यार्थीहरूको आवतजावतमा कठिनाइ हुन सक्ने अवस्थालाई ध्यानमा राख्दै साउन १५ गते शुक्रबार सबै निजी विद्यालय तथा क्याम्पसमा पठनपाठन स्थगित गरिएको विज्ञप्तिमा उल्लेख छ।

छुवाछुत एक सामाजिक
अपराध र मानव अधिकारको हनन् हो।

# सप्तरीमा सर्वपक्षीय बैठक : धार्मिक सद्भाव र शान्ति कायम राख्न आ–आफ्ना तर्फबाट पहल गर्ने प्रतिबद्धता



राजविराज, १४ साउन। सप्तरीमा बिहीबारको सर्वपक्षीय बैठकमा छिमेकी जिल्ला सुनसरीमा भएको घटनापछि उत्पन्न भएको अवस्थालाई मध्यनजर गर्दै धार्मिक सद्भाव, शान्ति–सुरक्षा र अमनचयन कायम राख्न सबैले आ–आफ्ना तर्फबाट पहल गर्ने प्रतिबद्धता जनाएका छन्।

प्रमुख जिल्ला अधिकारी श्याम कृष्ण थापाको अध्यक्षतामा बसेको बैठकबाट घटनामा मृत्यु भएकाप्रति श्रद्धाञ्जली अर्पण गर्दै गोली लागेर घाइते भएकाहरुको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ। जनप्रतिनिधिसमेतको सहभागिता रहेको बैठकले जिल्लाभित्र आपसी सद्भाव, शान्ति सुरक्षा र अमनचयन कायम राख्ने सबैको साझा दायित्व भएकोले जातजाति, भाषाभाषी, धर्म र सम्प्रदायका नागरिकहरुबीच आपसी एकता, सद्भाव र सहिष्णुता कायम राख्न स्थानीय तहमा समेत सद्भाव र्‍यालीको आयोजना गर्ने निर्णय भएको छ। सुनसरी घटनालाई पारदर्शी र निष्पक्षरुपमा छानबिन गरी दोषीउपर कारबाही, पीडित पक्षलाई क्षतिपूर्ति र घाइतेको उपचारका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने बैठकबाट निर्णय भएको हो।

बैठकमा घटनाको सन्दर्भलाई लिएर सामाजिक सञ्जालहरुमार्फत भ्रामक अफवाह फैलाउने, एक अर्काको धर्म, आस्था, संस्कृति वा समुदायप्रति लक्षित अराजक गतिविधि गर्ने, घृणा फैलाउने गरी अभिव्यक्ति दिने र अमर्यादित टीकाटिप्पणी गरी सामाजिक सद्भाव विथोल्न खोज्नेजस्ता गतिविधि हुन नदिन सबै पक्षले आ–आफ्ना तर्फबाट पहल गर्ने प्रतिबद्धता जनाएका छन्।

क्याम्पस प्रमुख, प्रधानाध्यापक, शिक्षक र अभिभावकले आ–आफ्ना विद्यार्थी र सन्तानलाई आपसी सद्भाव, शान्ति र अमनचयन तथा बहुजातीय, बहुभाषिक र बहुधार्मिक विशेषता बोकेको सुन्दर पहिचानलाई कायम राख्न सम्झाइ–बुझाइ गर्ने तथा आन्दोलनमा बालबालिकाको प्रयोगलाई पूर्णरुपमा नियन्त्रण गर्ने सबै पक्षले प्रतिबद्धता जनाएका हुन्।

# मधेस प्रदेश जनस्वास्थ्य प्रयोगशाला पूर्ण क्षमतामा सञ्चालन

जनकपुरधाम, १४ साउन। मधेस प्रदेश जनस्वास्थ्य प्रयोगशालाले पूर्ण क्षमतामा सेवा सञ्चालन गरेसँगै स्थानीयहरुलाई निजी प्रयोगशालाको भन्दा न्यूनतम शुल्कमा स्वास्थ्य परीक्षण गराउन सहज भएको छ। बोलपत्र प्रक्रियामार्फत औषधि तथा केमिकल खरिद भएसँगै प्रयोगशालाले केही महिनादेखि पुनः पूर्ण क्षमतामा स्वास्थ्य परीक्षण सेवा थालेको हो। मधेस प्रदेश सरकारद्वारा सञ्चालित सो प्रयोगशालाबाट अहिले निजी क्षेत्रका प्रयोगशालाभन्दा न्यूनतम शुल्कमा दैनिक पाँच सयभन्दा बढी व्यक्तिले स्वास्थ्य परीक्षण गराउँदै आएका छन्। मधेस प्रदेश स्वास्थ्य प्रयोगशालाका निमित्त निर्देशक डा नागेन्द्र यादवका अनुसार प्रयोगशालाले विभिन्न २५६ प्रकारको परीक्षण सेवा सञ्चालन गर्दै आएको छ।

गत २०७८ साल कात्तिक १५ गते स्थापना भएको प्रयोगशालाले मधेस प्रदेशका आठ वटै जिल्लाको १३६ पालिकामा जनस्वास्थ्य प्रयोगशाला सञ्चालन गरी स्वास्थ्य परीक्षण सेवा दिँदै आएको निर्देशक डा यादवले बताउनुभयो। प्रयोगशालाको जनकपुरधामस्थित प्रयोगशाला र विभिन्न पालिकाहरुमा सञ्चालित जनस्वास्थ्य प्रयोगशालाहरुबाट आर्थिक वर्ष २०८२/८३ मा मात्र आठ लाख ५५ हजार ५८२ जनाको स्वास्थ्य परीक्षण गरिएको निर्देशक डा यादवले जानकारी दिनुभयो।

उहाँका अनुसार सो अवधिमा जनकपुरधामस्थित प्रयोशालाबाट दुई लाख तीन हजार ५८७ र स्थानीय तहरुमा सञ्चालित जनस्वास्थ्य प्रयोशालाबाट छ लाख ५१ हजार ९९५ जनाको स्वास्थ्य जाँच गरिएको छ। सो प्रयोगशालाले आव २०८२/८३ मा स्वास्थ्य परीक्षणबाट रु चार करोड ७६ लाख ५२ हजार ८७ राजस्व संकलन गरेको छ। निर्देशक डा यादवका अनुसार जनकपुरधामस्थित प्रयोशलामा गरिएको स्वास्थ्य परीक्षणबाट रु दुई करोड ७५ लाख ५२ हजार ५२२ र स्थानीय तहमा सञ्चालित जनस्वास्थ्य प्रयोगशालामा गरिएको स्वास्थ्य परीक्षणबाट रु दुई करोड ९९ हजार ५६५ गरी रु चार करोड ७६ लाख ५२ हजार ८७ राजस्व संकलन भएको छ।

प्रयोगशालाले ज्येष्ठ नागरिक तथा दीर्घरोगीहरुलाई शुल्कको ९० प्रतिशत र आपाङ्ता भएका व्यक्तिहरुलाई ५० प्रतिशत छुटमा स्वास्थ्य परीक्षण गरिरहेको जनाएको छ। हाल सञ्चालनमा ल्याइएको 'इन्टिग्रेटेड' सेवा प्रणालीले सेवाग्राहीलाई एउटै स्थानबाट विभिन्न प्रकारका स्वास्थ्य परीक्षण गराउने सुविधा दिएको छ। नेपालका धेरै सरकारी स्वास्थ्य संस्थामा बिरामीले विभिन्न शाखा धाउनुपर्ने अवस्था रहँदै आएको सन्दर्भमा यस्तो व्यवस्था सेवामैत्री सुधारको उदाहरण भएको स्थानीयहरुको भनाइ छ।

# देवानगञ्ज घटना छानबिनका लागि न्यायिक समिति बनाउन मधेशकेन्द्रित दलको माग



काठमाडौं, १४ साउन। मधेश केन्द्रित विभिन्न राजनीतिक दल तथा नेताहरूले सुनसरीको देवानगञ्जमा भएको घटनाको निष्पक्ष छानबिन, पीडितलाई न्याय र सामाजिक सद्भाव कायम गर्न अपिल गरेका छन्। उनीहरूले संयुक्त वक्तव्यमा सम्पूर्ण घटनाको सत्यतथ्य उजागर गर्न सर्वोच्च अदालतका अवकाशप्राप्त न्यायाधीशको नेतृत्वमा उच्चस्तरीय न्यायिक छानबिन समिति गठन गरी प्रतिवेदन सार्वजनिक गर्न सरकारसँग माग गरेका छन्।

जसपाका महन्थ ठाकुर, राष्ट्रिय जनमुक्ति पार्टीका राजेन्द्र महतो, जनमत पार्टीका जयकान्त राउत, राष्ट्रिय निर्माण दलका समिम अन्सारी तथा संविधान सभा सदस्य रामकुमार शर्माले बिहीबार संयुक्त वक्तव्य जारी गर्दै यस्तो अपिल गरेका हुन्।

वक्तव्यमा साम्प्रदायिक तनावजस्तो संवेदनशील अवस्थामा राज्यका निकायले संयम, निष्पक्षता र कानुनी मर्यादाभित्र रहेर काम गर्नुपर्ने उल्लेख गर्दै घटनापछिको प्रहरी हस्तक्षेप र दमनका विषयमा गम्भीर प्रश्न उठेकाले सत्यतथ्य पारदर्शी ढंगले सार्वजनिक गर्न माग गरिएको छ। संयुक्त अपिलमा प्रधानमन्त्री पाँच दिनसम्म मौन बसेको र गृहमन्त्रीको गतिविधि शंकास्पद देखिएको दाबी गर्दै प्रधानमन्त्रीले तत्काल राष्ट्रका नाममा सम्बोधन गरी शान्ति, सद्भाव, न्याय र कानुनी शासनप्रति नागरिकलाई आश्वस्त पार्नुपर्ने उनीहरूको माग छ।

त्यसैगरी घटनामा मृत्यु भएकालाई सहिद घोषणा गरी उचित क्षतिपूर्ति, परिवारको दीर्घकालीन जीविकोपार्जनका लागि रोजगारीको सुनिश्चितता र सामाजिक सुरक्षा उपलब्ध गराउन सरकारसँग आग्रह गरिएको छ। वक्तव्यमा घटनामा बाह्य तत्व, रोहिंग्या वा अन्य कुनै संगठित समूहको संलग्नता रहेको वा नरहेको विषय स्वतन्त्र र निष्पक्ष अनुसन्धानमार्फत स्पष्ट पार्नुपर्ने, दमनमा संलग्न भएको आरोप लागेका प्रहरी तथा प्रशासनिक अधिकारीलाई अनुसन्धान अवधिभर निलम्बन गरी सुरक्षा व्यवस्थामा भएको कमजोरी र बल प्रयोगको औचित्यमाथि छानबिन गर्नुपर्ने माग गरिएको छ।

त्यस्तै घाइतेहरूको निःशुल्क उपचार, आवश्यक राहतको व्यवस्था, साम्प्रदायिक सद्भाव कायम गर्न राजनीतिक दल, नागरिक समाज तथा धार्मिक अगुवासँग समन्वय गर्न सरकारलाई आग्रह गरिएको छ। पछिल्ला दिनमा मधेशका विभिन्न क्षेत्रमा दोहोरिँदै आएका तनावपूर्ण घटनाबारे निष्पक्ष अनुसन्धान गरी सत्य सार्वजनिक गर्न पनि माग गरिएको छ। संयुक्त वक्तव्यमा सम्पूर्ण घटनाको सत्यतथ्य उजागर गर्न सर्वोच्च अदालतका अवकाशप्राप्त न्यायाधीशको नेतृत्वमा उच्चस्तरीय न्यायिक छानबिन समिति गठन गरी प्रतिवेदन सार्वजनिक गर्न सरकारसँग माग गरिएको छ।

मधेश केन्द्रित दलहरूले सम्पूर्ण नागरिकलाई संयम, धैर्यता र सामाजिक सद्भाव कायम राख्न अपिल गर्दै कुनै पनि अफवाह, घृणा वा उत्तेजनाबाट टाढा रही सत्य र कानुनको पक्षमा उभिन आग्रह गरेका छन्। उनीहरूले निष्पक्ष छानबिन र न्यायबिनाको अवस्थामा विश्वास पुनःस्थापित हुन नसक्ने उल्लेख गर्दै सरकारले पक्षपातरहित ढंगले सत्य, न्याय र उत्तरदायित्वको मार्ग अवलम्बन गर्नुपर्नेमा जोड दिएका छन्।

# सांसद गणेश पौडेलमाथि दुर्व्यवहार गर्ने दुई जना पक्राउ

रौतहट, १४ साउन। रौतहट क्षेत्र नं. ४ का प्रतिनिधिसभा सदस्य गणेश पौडेलमाथि दुर्व्यवहार गरिएको घटनामा संलग्न रहेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार गत साउन ७ गते साँझ गढीमाई नगरपालिका–७ पर्सा गाउँस्थित मठ मन्दिर नजिक सांसद पौडेलले जनतासँग गुनासो सुनुवाइ गरिरहेका बेला केही व्यक्तिहरूले 'मधेश मुक्ति अभियान जिन्दाबाद' लगायतका नारा लेखिएका पर्चा छरेका थिए। उनीहरूले सांसद पौडेलमाथि पछाडिबाट कालो मसी छ्यापेर भागेका थिए।

घटनापछि जिल्ला प्रहरी कार्यालय रौतहट र इलाका प्रहरी कार्यालय गरुडाबाट संयुक्त रूपमा खटिएको टोलीले अनुसन्धानका क्रममा संलग्न देखिएका दुई जनालाई बुधबार पक्राउ गरेको हो। पक्राउ परेकामध्ये गढीमाई नगरपालिका–५ का स्थायी बासिन्दा भई वडा ७ धनहारी गाउँ बस्ने २० वर्षीय शेख इवरान र गढीमाई नगरपालिका–३ गम्हरिया गाउँका १९ वर्षीय ईर्फान अन्सारी रहेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी बसन्त गौतमले बताएका छन्।

उनीहरूमाथि 'अपमानजनक तथा अमानवीय व्यवहार गर्न नहुने' कसुरमा अनुसन्धान अघि बढाइएको रौतहटका प्रवक्ता डीएसपी गौतमले जारी गरेको सूचनामा उल्लेख छ। प्रहरीले रौतहट जिल्ला अदालतबाट तीन दिनको म्याद थप अनुमति लिएर अनुसन्धान अघि बढाएको जनाएको छ। घटनामा संलग्न भई फरार रहेका अन्य व्यक्तिहरूको खोजी कार्य पनि तीव्र रूपमा भइरहेको प्रहरीले जनाएको छ।

# उच्च अदालत वीरगञ्जको २९ प्रतिशत मुद्दा फछ्र्योट गर्न बाँकी

वीरगञ्ज, १४ साउन। उच्च अदालत वीरगञ्जका २९ प्रतिशत मुद्दा फछ्र्योट गर्न बाँकी छ। आर्थिक वर्ष २०८२/०८३ मा दर्ता भएका मुद्दामध्ये दुई हजार ३७८ मुद्दा फछ्र्योट हुन बाँकी रहेको हो। दर्ता भएका तथा जिम्मेवारी सरेका समेत कूल आठ हजार २२४ मुद्दा उच्च अदालत वीरगञ्जमा दर्ता भएका थिए। जसमध्ये आव २०८२/०८३ मा पाँच हजार ८४६ मुद्दा फछ्र्योट भएका छन्। उच्च अदालत वीरगञ्जले आज पत्रकार सम्मेलनको आयोजना गरी आव २०८२/०८३ मा ७१ दशमलव शून्य आठ प्रतिशत मुद्दा फछ्र्योट भएको जनाएको छ। आव २०८०/०८१ मा आठ हजार मुद्दामध्ये चार हजार ५२८, आव २०८१/०८२ मा कुल ८ हजार ३२९ मुद्दामध्ये चार हजार ७३५ थान मुद्दा फछ्र्योट गरिएको थियो। उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगञ्जका न्यायाधीश गोकर्ण डाँगीले आर्थिक वर्ष २०८२/०८३ मा फैसला हुन बाँकी रहेका मुद्दामध्ये ६ महिनाभित्रका ९८७, एक वर्षभित्रका ६६९, बाह्रदेखि १८ महिनासम्मका २८२ तथा १८ महिना नाघेका २१ मुद्दा रहेको जानकारी दिए।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)